# नेपाल सद्भावना पार्टी
# एक जन आन्दोलन

आज मधेश (प्रदेश) सामाजिक उत्पीडन, विदेशी सांस्कृतिक आक्रमण, राजनैतिक भेदभाव र शोषणका विभत्स चित्र बनी सकेको छ । राजनीतिक भेदभाव, असमान व्यवहार एवं मधेशी समुदाय र पहाडका जनजातिहरुसंग प्रत्येक क्षेत्रमा देखिने उपेक्षाको विरोधमा ने.स.पा. एक ललकार हो, एक जन आन्दोलन हो । इतिहास यस कुराको साक्षी हो कि राणाहरुको निरंकूश पारिवारिक शासनकाल देखि नै पूर्व मेची देखि पश्चिम महाकालीसम्म विस्तृत तराईको भूभागमा वसोवास गर्ने मधेशी समुदाय र पहाडका जनजाति माथि राजनीतिक आर्थिक साास्कृतिक एवं भाषिक शोषणको चक्र चली आएको छ । स्वामी-दास सम्बन्धमा आधारित राणाकालिन राजनीतिक संस्कारले यी समुदायहरुलाई पूर्णतः उपेक्षित गरयो, अपमानित जीवन व्यतीत गर्न तीनिलाई वाध्य गरियो । शासक, रक्षकको स्थानमा शोषक बन्न गए । जनताले आह पनि गर्न पाएन र यी शोषणका साङ्गलामा कसिदै गए । एकिकृत नेपालको भूमिको पृथक-पृथक अर्थतन्त्र भाषा, सास्कृति र सामाजिक परिवेश माथि कालो पर्दाले छोपिने काम गरियो । मधेशीहरुको गौरवाशाली इतिहासलाई निमिटट्यान्न पार्ने निरन्तर प्रयास भई राखेको छ । क्षेत्रीय आकांक्षाहरुलाई दासताको किलाहरुले गाडिएको छ । हराभरा मधेश क्षेत्रलाई गोचर मानेर चर्न थालियो । फलत आज मधेश सुखेको, उजाड र वंजर देखिन थालेको छ । मानवीय मूल्य र भावनाजन्य सम्बन्धको स्थानमा राष्ट्रिय एकीकरण( प्रक्रियालाई भौगोलिक एकिकरणमा मात्र सीमित मानियो । यद्यपि तराईको मधेशी समुदाय राष्ट्र र राजमुकुट प्रति कमतीवफादार छैन तथापि यो समुदाय सधैं उपेक्षित नै रही आयो । योपनि एक उल्लेखनीय लक्ष्य हो र यसलाई इतिहासको विडम्बना पनि भन्न सकिन्छ । वि.स. २००७ सालमा प्रजातन्त्रको स्थापना पछि गठित अन्तरिम सरकारहरुले मात्र होइन अपितु वि.स. २०१५ सालको निर्वाचित काग्रेसको सकारकाले पनि मधेशी र जनजनतिका आशा माथि बज्रपात गरे । मधेश प्रति उनीहरुको व्यवाहारमा केही परिवर्तन देखिएन । निर्दलीय पंचायती सरकारहरुले त मधेशको समस्या र आकांक्षाहरुलाई बुझ्नुको सट्टामा तीनिहरु नेपाली हुन भन्ने र मान्ने कुरोमा नै प्रश्न चिन्ह राखि दिए । मुलुकमा मधेशीको अस्मिता प्रति नकारात्मक दृष्टिकोण राखियो । पंचायतीकालमा मधेशको भाषा सास्कृति र त्यसको सामाजिक परिचयलाई मिटाउने भयंकर खेल खेलियो । आन्तरिक र वाह्य प्रवासीहरुलाई स्थान दिएर मधेशी भूमिको अतिकमण गरियो । जगंललाई उजाड बनाइयो । उत्पादकत्वलाई समाप्त गरियो । क्षेत्रीय संतुलनलाई विगार्ने उद्देश्यले पर्यावरणलाईपनि असंन्तुलित गरियो । अन्नको भंडार भएको मधेशी पीरामीडलाई भूमिसात गरियो । अंचल विकास क्षेत्रको अवैज्ञानिक सीमाकंन द्धारा विकासको आर्थिक आवंटन र विकास जन्य प्रतिफलमा मधेशको भागलाई न्यून गरियो । जनसंख्यात्मक प्रतिनिधित्व स्थापित गरियो । विशाल मधेशी समुदायको अस्तित्वले भयभीत यी शासकहरुले यसलाई कमजोर बनाउनका निमित्त अनेक हथकंठाहरु अपनाए । नागरिकता ऐन २०२० द्धारा राजनीतिक विषमता उत्पन्न गरियो नै, साथै गुरुङ्ग प्रतिवेदनद्धारा मधेशीलाई विदेशी धोषित गरेर वाहिर धपाउने षडयन्त्र पनि रचियो । राष्ट्रिय जनसंख्या आयोगको अधीन जनसंख्या नियन्त्रण समितिको गठन र त्यस समितिको तर्फबाट ल्याइएको बसाई-सराई सम्बन्धी गुरुङ्ग प्रतिवेदन मूलतः शासकहरुको उही नै आन्तरिक कलुषित मनोभावको अभिव्यक्ति थियो ।। वर्क परमिटद्धारा लाखौं मधेशीहरुलाई तत्क्षण बेरोजगार बनाएर बाहिर धपाउने षडयन्त्र नै गुरुङ्ग प्रतिवेदनको निहित उद्देश्य थियो । मधेशीहरुको प्रतिनिधित्व नराखेर नै संघटित त्यस समितिले नागरिकताको समस्यालाई झन जटिल बनाउनका साथै मधेशी समुदायको भाषागत एवं साास्कृतिक परिचय मेटाउनको निम्ति एकतर्फी प्रतिवेदन प्रस्तुत गरेको थियो । त्यसवेला मधेशी समुदाय त्यस कुराले झन आश्चर्य चकित र विमूढ भए, जब तात्कालिन प्रनिबन्धित नेपाली काग्रेस र कम्युनिष्ट पार्टीहरुले पनि प्रतिवेदनको विरोध गर्नुको सट्टामा सर्मथन नै गरे । नेपालको परस्पर विरोधी राजनैतिक शक्तिहरुपनि मधेशीहरुको प्रति समान बिचार राख्दछन यो एउटो आश्चर्य नै हो ।

भेदभावले ग्रसित यस इतिहासको सामानान्तर नै प्रतिरोध, विरोध एवं संघर्षको इतिहास पनि संयुक्त छ । कहिलेकाहि यो प्रतिरोध नितान्त व्यक्तिगत आक्रोश असंगठित रुपमा रहयो । विरोध र संघर्षलाई कहिले संगठित प्रयत्न र संघर्षको रुपमा रहयो । विरोघ र संघर्षलाई संगठित गर्नका निम्ति केहि देशभक्त कर्मठ राजनीतिक कार्यकर्ताहरुद्धारा, मधेशी समुदायका वृद्धिजिवीहरुको सहयोगले वि.स. २०४० (ई.सन् १९८३) मा नेपाल सदभावना परिषदलाई जन्म दिइयो । नौ सदस्यीय प्रथम केन्द्रीय समितिको संयोजक श्री गजेन्द्र नारायण सिंह हुनु भयो र उहााको नेतृत्वमा परिषदको स्थापना हुने वित्तिकै त्यसका कार्यकर्ताहरु मधेशी र जनजाती समुदायको हकहित रक्षाको निमित्त संघर्षको मैदानमा ओर्ले । संघर्षको

माध्यमा यी कार्यकर्ताहरुलाई जेल नेल हतकडी एवं अनेकौ याताहरु भोग्नु पऱ्यो । तथापि आन्दोलन तीब्र गतिले अधि बढदै गयो ।

स्मरणीय कुरो यो छ कि प्रजातन्त्र प्रति पूर्ण आस्थावान मधेशी समुदायले, विगत जन आन्दोलनमा प्रजातन्त्रको पुनः स्थापना पछि उनीहरु सित हुादै आएको भेदभाव र शोषणहरुकोअन्त हुनेछ भनेर अधि वढेर भागलिएका थिए । ऐतिहासिक जन आन्दोलनको सफलता पश्चात देशमा प्रजातन्त्रको स्थापना भयो । यसै परिवेशमा भेदभाव र शोषणलाई राष्ट्रिय पटलमा राख्न, राष्ट्रको ध्यान आकृष्ट गर्न र  संघर्षलाई अझ तेज गर्न सद्भावना परिषदका कार्यकर्ता एवं बुद्धिजीविहरुको २,३ गते वैशाख २०४७ वि.स. (स.न.१९९०) मा काठमाडौंमा आयोजित बृहत बैठकले नेपाल सद्भावना परिषदलाई नेपाल सद्भावना पार्टीका रुपमा आत्मर्पित र रुपान्तरित गऱ्यो । नेपाल सद्भावना पार्टीले स्वतन्त्रता समानता, न्याय एवं सदभावपूर्ण समाज सृजना हेतु नेपालमा बसोवास गर्ने प्रत्येक समुदाय र पहाडी जनतालाई देशको मूलधारामा समाहित गर्नको निमित तथा उनीहरुलाई सम्मानित स्थान दिलाउने संकल्पलाई दोहराऱ्यो ।

नेपाल सदभावना पार्टीको प्रथम स्थापना अधिवेशन १५,१६ आषाढ २०४७ मा जनकपुरमा सम्पन्न भयो । राजनैतिक समानता नभै कुनै पनि समाज समाजिक आर्थिक र साास्कृतिक विकास गर्न सक्दैन । यो मूलभूल मान्यतालाई साकार गर्नका निम्ति नेपाल सद्भावना पार्टीले मधेशी र जनजातिहरुको सामाजिक, साास्कृतिक, राजनितिक र आर्थिक वस्तुस्थिति तथा आवश्यकता माथि राष्ट्रको ध्यान आकृष्ट गराउदै दोस्रो र तेस्रो ऐतिहासिक महाधिवेशनलाई सफतलापूर्वक सम्पन्न गऱ्यो । यस रीतिले पार्टीको सवल नेतृत्व कार्यकर्ताहरुको अदम्य संघर्ष र बलिदान तथा लाखौ जनताको आपार स्नेह र विश्वास भेटाएर यो आन्दोलन उत्तरोत्तर सशक्त र उपलब्धिमूलक हुादै गयो र राष्ट्रिय स्तरमा आज सम्म तीन प्रभावकारी आन्दोलन सम्पन्न गरिए । पार्टीको यस आन्दोलनका मूख्य लक्ष्य “राजनीतिक शोषणको समाप्ति नभै मधेशी तथा जनजातिको यथार्य आर्थिक उन्नति र तीनिहरुका सामाजिक साास्कृतिक उपयुक्त उत्थान सम्भव छैन” भन्ने राख्यो ।

उपयुक्त मूल्य लक्ष्यको प्राप्ति हेतु सरल एवं सहज नागरिकताको नियम, मधेशी एवं जनजातिको निमित्त विश्चित आंरक्षण र प्रान्तीय सरकारको व्यवस्था हुनु अपरिहार्य । अतः यसको निमित्त संविधानमा आवश्यक संशोधन हुनु अनिवार्य छ । विगत आन्दोलन पनि संविधानका संशोध माथि नै केन्द्रित थियो । यसै क्रममा २६ कार्तिक २०५५ मा पार्टी र सरकारको बिचमा भएको समझौता सद्भावना आन्दोलनको सैद्धान्तीक उपलब्धि मानिएको छ । वस्तृतः नागरिकता समस्याको सर्वकालिन समाधान, मधेशी, जनजाति, दलित, शोषित, उत्पीडितहरुलाई प्रत्येक क्षेत्रमा आरक्षण र प्रान्तिय, व्यवस्थाका निमित्त संविधान संशोधन राष्ट्रिय वहसको विषय बनीसकेको छ ।

प्रजातन्त्रको पुनः स्थापना पश्चात आज देश तेस्रो महानिर्वाचनको समिपमा पुगेको छ । नेपाल सदभावना पार्टी विगत दुर्व प्रतिनिधि-सभावहरुमा आन्दोलनको पक्षलाई राख्नमा सफल भएको थियो । प्रतिपक्षमा रहेर पनि मधेशीको आवाजलाई मात्रै होइन किन्तु मधेशीहरुको भेष र भाषालाई पनि संसदमा पुऱ्यायो । संयुक्त सरकारमा सम्मिलित हुनाले मधेशीको संघर्षलाई अघि बढाउन उत्साह मिल्यो । यसैको फलस्वरुप नेपालको इतिहासमा पहिलो पल्ट सरकारले मधेशीको अस्तित्व प्रति हुादै गएको खेलवाड तथा राजनीतिक शोषणलाई आ□नो नीति र वक्तव्यमा स्वीकार गऱ्यो । मन्त्रि परषदमा यस पार्टीलाई प्राप्त भएको मन्त्रालयद्धारा पनि मधेशी एवं पहाडका जनजातिको हितमा कार्यक्रमहरु ल्याइए । यस मन्त्रालयको अधिन हुने राजनीतिक नियुक्तिहरुमा ५०□ भन्दा अधिक मधेशीहरुको नियुक्ति भयो र त्यस मन्त्रालयमा अधिक भन्दा अधिक मधेशी एवं जनजाति बेरोजगार युवकहरुलाई रोजगारी दिलाउने प्रयास गरियो । जग्गाको द्वैध स्वामित्वलाई समाप्त गरेर मोहीलाई जग्गाको धनी बनाउने फैसलामा नेपाल सद्भावना पार्टीको प्रमुख भूमिका थियो । राष्ट्रिय जनजाति विकास समिति र उपेक्षित, उत्पीडित दलित वर्ग उत्थान विकास समितिका सदस्यहरुमा मधेशको दलित, उत्पीडित र पहाडका जनजातिले पहिलो पल्ट प्रतिनिधित्व प्राप्त गरे ।

संयुक्त सरकारमा गरिएको नेपाल सदभावना पार्टीको साझेदारी बस्तुतः वर्तमान राजनीतिक आवश्यकता, राजीतिक स्थिरता र आम मधेशीहरुका बिचमा आत्मविश्वासको वृद्धि गर्नका उद्देश्यले अभिप्रेरित थियो । सत्ताको लागि हैन ।

नेपाल सद्भावना पार्टीको अन्तिम लक्ष्य रानितिक सत्तामा सवै मधेशी एवं जनजातिलाई उचित भाग प्राप्त गराउनु हो । त्यसका निमित्त पार्टी निरन्तर संघर्ष गरि राख्ने छ । वर्तमान सत्तावाट जे जति सफलता मिल्यो त्यसको चर्चा आवश्यक त छ किन्तु सन्तुष्टिको कारण हुन सक्दैन । मधेशी समुदाय र पहाडका जनजातिको प्रत्येक क्षेत्रमा न्यायोचित अवसर प्राप्त गराउनका निम्ति नागरिकता, आरक्षण र प्रान्तिय शासन प्रणालिको व्यवस्था हुनु पर्छ । जवसम्म मधेशी समुदायका सदस्यहरुलाई स्वतन्त्र सम्मानित नागरिकको दर्जा मिल्दैन । सदभावना पार्टीको संघर्ष जारी रहने छ ।

नेपाल सदभावना पार्टीको दर्शन सिद्धान्त एवं नीति तथा यसको अहिंसंक चरित्र मूलतः प्रजातान्त्रिक अवधारणा न्याय-प्रियता तथा “बााच र बााच्न देउ” को भावनाको द्योतक हो । यस पार्टीको आन्दोलन कुनै जाति वा समुदाय विशेषको विरुद्ध हैन । यो कसैको सास्कृति, भाषा भेषको विरुद्ध हैन । यो दल मधेशीहरुको सास्कृति, भाषा एवं भेषलाई सम्मान दिलाउनको निमित्त संघर्षरत छ । यो पार्टी मधेशी एवं जनजातिको राज्य व्यवस्था सञ्चालनमा समुचित साझेदारी (भाग बण्डा) दिलाउनको निमित्त आन्दोलन गर्दै आएको छ र मधेशी र पहाडका जनजातिको राजनीतिक समानता, आर्थिक सम्पन्नता, सामाजिक सम्मान र साास्कृति संरक्षणको निमित्त सदा बलिदान गर्न तत्पर रहने छ ।

आज राष्ट्र तेस्रो जनादेश निर्माणको लागि तैयार छ । मुलुकको विद्यमान अवस्था र आवश्यकता कसैको दृष्टिबाट टाढा छैन । त्यत्रो संघर्ष र बलिदानले प्राप्त यो ससदीय पद्धतीमा सत्ताको लछालुछ, गुट र फुट जस्ता अवाञ्छित क्रियाकलापले सांसदहरुको क्रय विक्रय (बेच विखन) पजेरो गाडी, सुरा सुन्दरी जस्ता घृणित सास्कारहरुको निर्माण गऱ्यो । कुट नीतिक राहदानी र रातो पासपोर्ट यी दुश्चरित्रका नमूना हुन । अर्को तिर भ्रष्टाचारी र काला बजारियाहरु सम्मानित गरिदै छन । प्रशासन तन्त्र भागवण्डा र सरुवा वढुवामा डुवेको छ । आमजनता असन्तुष्ट र आक्रोशित छन । यस भीषण संकटमा मधेशी र जनजाति मात्रै पीडित छन । यसको शीघ्र निदानको निमित्त दृढ संकल्पित छ । अतएव २०५६ वैशाख २० गते र जेठ ३ गते हुने आम चुनावमा मधेशी र जनजातिको विरुद्ध भैरहेको राजनीतिक शोषण अन्त गर्न र राष्ट्रको नव निर्माणको निमित्त दृढ संकल्पित नेपाल सदभावना पार्टी सार्वभौम जनताको समक्ष यस पार्टीलाई अमूल्य मत प्रदान गर्नको निमित्त निम्न लिखित राजनैतिक दृष्टि र कार्यक्रम सहित आह्वान गर्दछ ।

## राजनैतिक नीति

१. राज्य सत्ता

नेपाल एउटा बहुजातिय, बहुभाषिक, बहुसाास्कृतिक, प्रजातान्त्रिक राष्ट्र हो । नेपाल सद्भावना पार्टी संवैधानिक सम्मानित राजतन्त्रलाई स्वीकार गर्दछ ।

२. संविधान संशोधन

पञ्चायती संविधान ध्वस्त हुने वित्तिकै समग्र राष्टवासीहरुको भावनाको प्रतिविम्बको रुपमा संविधान निर्माणको निमित्त नेपाल सदभावना पार्टीले संविधान सभाको माग गऱ्यो । त्यस मागलाई उपेक्षा गरेर तत्कालिन प्रभावशाली राजीतिक शक्तिहरुले स्वहितमा त्रिपक्षीय सम्झौताको आधारमा संविधान बनाए । वर्तमान संविधानले मधेशी र जनजातिको सम्मानको प्रत्याभूति दिन सकेको छैन । किन्तु आ□नो आङ्मा पञ्चायती संविधानको अवशेषलाई अङ्गालेको छ, जसले गर्दा सद्भावना आन्दोलन अव संविधान संशोधनमा केन्द्रित भएको छ । नागरिकताको सार्वकालिक समाधान, प्रान्तीय सरकार र आरक्षणको न्यायोचित व्यवस्था तथा द्वितिय राष्ट्रभाषा एवं जनसंख्याको आधारमा संसदीय निर्वाचन क्षेत्र निर्धारण, संविधान संशोधन नै हुन सक्ने हुनाले, आन्दोलनले नागरिकता समस्याको वाधक भएको संविधानको धारा ८ को प्रतिकार गर्नको निमित्त कार्तिक २३, २०५५ मा यसको दहन गऱ्यो । संविधान संशोधनको मागमा पार्टी र सरकारको मध्य सम्पन्न समझौताले, प्राप्त सैद्धान्तिक उपलव्धिको रक्षा तिर सतत सचेत रहदैं बस्तुपरक उपलव्धिको रुपमा परिवर्तित गर्न सद्भावना पार्टीले आन्दोलन चालू राख्ने छ ।

३. संघात्मक प्रणाली (प्रान्तीय सरकार)

नेपाल एउटा बहुभाषिक बहुसामुदायिक, बहुसाास्कृतिक एवं बहुजातीय देश भएको हुनाले ने.सं.पा. राष्ट्रिय एकता एवं राज्य संरचनामा सन्तुलित भागेदारीको निमित्त देशमा भौगोलिक, साास्कृतिक एकरुपता एवं प्रान्तीय एकाई, स्वतन्त्रता र त्यसको सफल सञ्चालनको निमित्त प्रान्तीय सरकारको अपरिहार्यता प्रस्तुत गर्दै आएको छ । ने.स.पा. को मान्यता -

“अखण्ड नेपालको विकास प्रान्तीय सरकार द्वारा नै सम्भव छ” भन्ने छ । पृथक भौगोलिक प्रकृतिले गर्दा विकासको समस्या पनि पृथक नै हुनाले विद्यमान विकास क्षेत्रको वैज्ञानिक पुनः संरचना गरेर यसलाई विकास र प्रशासनको व्यवस्थित सञ्चालनको निमित्त अधिकृत गर्ने विचारलाई अङ्गीकार गरियोस र मानवीय संसाधनको सन्तुलित विकासको वाधक एकात्मक प्रणालीको सट्टा सङ्घात्मक प्रणाली वरण गरियोस । यसले नै मुलुकको कुना कुनाका जनता आफुमा निहित प्रतिभाको विकासको निमित्त समुचित अवसर पाउने छन । यसको निमित्त पूर्वी पहाड, पूर्वी तराई, पश्चिमी पहाड, पश्चिमी तराई, उपत्यका र वरिपरिको क्षेत्र समेत पाँच प्रान्तमा व्यवस्थित गर्नको निमित्त सद्भावना पार्टी आन्दोलनमा सदा कट्टिवद्ध रहने छ ।

४. नागरिकता

वर्तमान संविधानको घोषणाको दिन सम्म नेपाली भूमिमा स्थायी रुपले वसोवास गर्ने प्रत्येक देशवासीलाई नागरिक घोषित गरेर नागरिकताको परिचय पत्र प्रदान गर्नको निम्ति आवश्यक संवैधानिक प्रावधान बनाउनको निम्ति २०३६ सालको जनमत संग्रहको मतदाता नामावलीलाई पनि एउटा सहायक आधार बनाइयोस । वर्तमान संविधानको धारा, ८ लाई पञ्चायती संविधानबाट मुक्त गर्नको निमित्त संविधान संशोधन नगरी नागरिकता परिचय पत्रको समस्याको समाधान असंभव छ । किनभने नागरिकता समस्याको मूल जरो वर्तमान संविधानको नागरिकता सम्बन्धी प्रावधान नै हो । नागरिकता परिचय पत्रको समस्या मानसिक प्रश्न हो, अन्यथा त्यो आफुमा नै विडम्बना पूर्णछ किन भने संसदको प्रतिनिधिलाई निर्वाचित गर्ने लाखौं मतदाता आज पनि नागरिकता परिचयपत्र बाट बञ्चित छन । साथै नागरिकता परिचय पत्र नपाउने नागरिक मताधिकारबाट पनि बञ्चित छन् ।

५. मानव अधिकार

मानव अधिकार पाउन तथा उपभोग गर्न मधेशी समुदाय र पहाडका जनजाति पनि अधिकांश रुपमा बञ्चित छन । यस वर्ग एवं समुदायको नैसर्गिक मानव अधिकारको व्याख्या र वहालीको वाटोवाधिएको छ, प्रतिबन्धित छ । संवैधानिक प्रावधानको मर्यादामा पूर्ण मानव अधिकारको प्रत्याभूति हेतु सरकारी एवं गैरसरकरी मानव अधिकार आयोगको स्थापना गरिने छ ।

६. निर्वाचन क्षेत्र

राजनीतिक एकीकरणको प्रक्रिया यथार्थमा राष्ट्रिय एकीकरण प्रक्रियाको मूल आधार हो । किन्तु यसलाई सदा सर्वदा अस्वीकार गरेर प्रजातान्त्रिक राजनीतिक प्रतिनिधित्वलाई तिलाञ्जलि दिईएको छ । तसर्थ समान जनसंख्याको आधारमा निर्वाजन क्षेत्रको पुननिर्धारण गरेर उचित राजनीतिक प्रतिनिधित्वको निमित्त सम्पूर्ण जनतालाई समुचित अवसर दिलाउनु आवश्यक छ । निर्वाचन क्षेत्र पुन निर्धारित आयोग गठन गरी मधेशीको प्रतिनिधित्व गराइने छ ।

७. महिला आरक्षण

वर्तमान संविधान धारा ११४ मा प्रतिनिधि सभाको निर्वाचनको निमित्त राजनीतिक दलहरुको उम्मेदवारमा ५□ महिला उम्मेदवार राख्ने व्यवस्थाले नगन्य महिला नै संसदमा पुग्न पाउाछन । यसको निमित्त प्रतिनिधि सभामा ५□ स्थान आरक्षित गराइने छ ।

८. स्थानीय निकाय

स्थानीय निकाय सम्बन्धी विधेयकमा स्थानीय निकायका प्रकृतिलाई यथार्थ रुपमा अङ्गित गरिएको छैन । अदि स्थानीय निकायलाई विकासको केन्द्र मानिन्छ भन्ने यसको निर्वाचन दलगत आधारमा नमानियोस यो अपरिहार्य कुरो हो किन भने विभाजित जनमत विकासको परिचालनमा संवाहक हुन सक्दैन । ने.स.पा. स्थानीय निकायलाई विकासको संवाहक मान्दछ । स्थानीय निकायको सम्पूर्ण निकायको स्थानीय काम-काज स्थानीय भाषामा गराइने छ ।

९. आरक्षण

राष्ट्रको आर्थिक पिछडापनको कारण राज्य-प्रशासनमा बहुसंख्यक मानिस उपेक्षित रही आएका छन । मुलुकले मधेशीहरु र पहाडका जनजातिहरुको सदैव उपेक्ष गर्‍यो । शताब्दियौं देखि हुादै आएको भेदभाव र शोषणले उत्पन्न सामाजिक आर्थिक एवं सामुदायिक विषमताको एकमात्र न्यायपूर्ण समाधान आरक्षण नीति हो, जस अन्तर्गत सम्पूर्ण केन्द्रीय, प्रान्तीय एवं स्थानीय इकाइहरुको सेवामा मधेशी समुदायको नमित्त ५० प्रतिशत, पहाडका जनजातिको निमित्त ३० प्रतिशत आरक्षणको संवैधानिक व्यवस्था गरिने छ र त्यसमा क्षेत्रीय आधारमा मधेशमा १० प्रतिशत र जनजातिमा १० प्रतिशत

महिला आरक्षित रहने छन । साथै पिछडिएका जाति, जनजाति, दलित वर्ग एवं महिलाहरुको निमित्त आरक्षणको व्यवस्था गरिने छ ।

१०. लोकसेवा आयोग

लोकसेवा आयोगको स्थानीय कार्यालय सदैव मधेशवाट टाडा पहाडमा कैद राखियो । आयोगका अञ्चल कार्यालयको सट्टा जिल्ला कार्यालयहरुको स्थापना होस । आयोगमा प्रतिनिधित्व गर्ने सदस्यहरु मधेशी एंव जनजातिबाट पनि लिइयोस । आयोग स्वतन्त्र रुपले काम गरोस । परीक्षाको माध्यम देशमा विभिन्न भाषाहरुलाई बनाइयोस । आरक्षणको नीति कार्यान्वित होस । उत्तरपुस्तिकाको पुन मूल्याकंनको व्यवस्था होस । ने.स.पा. यस कार्यलाई मूर्त्तरुप दिन कटिवद्ध छ ।

## आर्थिक नीति

१. एक परिवार एक रोजगार (जीविका)

एक परिवार एक रोजगार (जीविका) राष्ट्रको न्यूनतम आवस्यकता हो । प्रान्तिय सरकारको व्यवस्था नै एक परिवार एक रोजगार (जीविका) को निमित्त सन्तुलित मूल आधार हो । यसलाई राजकीय दायित्वको रुपमा स्वीकार गरेर अनिवार्य शिप (शिल्प) विकास कार्यक्रम सञ्चालन र दक्ष जनशक्तिको पूजीको व्यवस्था गरेर एक परिवार एक रोजगार (जीविका) के व्यवस्था होस । विना धरौटी सरल ऋणको निमित्त ग्रामीण बैंकिङ्ग व्यवस्था होस । कुटीर उद्योगको कार्यक्रम लागू गरियोस । जिल्ला जिल्लामा बजार प्रवर्द्धन एकाई बनाइयोस । कृषिको आधुनिकीकरण गरेर उद्योगको रुपमा परिवर्तन गरियोस र यसको निमित्त उद्योगमा सबै सुविधा उपलव्ध गराइयोस् ।

२. कृषि

ने.स.पा. कृषिलाई सर्वोच्च प्राथमिकता दिन्छ । ग्रामीण निर्धनतालाई दूर गरेर राष्ट्रिय उत्पादन वढाउन कृषि विकास नै एउटा प्रमुख उपाय हो । कृषि उत्पादकतामा वृद्धि गर्नको निमित्त प्रत्येक हातलाई काम, प्रत्येक खेतलाई पानी दिलाउन हामी प्रतिवद्ध छौं । यसको निमित्त निम्न कार्यक्रम कार्यान्वित गरिने छ ।

- चार विगाहा सम्मको जग्गा मालपोतबाट मुक्त गरिने छ ।
- कृषि क्षेत्रलाई पनी उद्योगको दर्जा (श्रेणी) प्रदान गरेर निम्न लिखित सुविधाहरु उपलव्ध गराइने छन् :

(क) कृषि उपकरण-ट्रेक्टर, पम्पिङ्ग सेट, थ्रेसर आदिको खरिदमा विशेष सुविधा दिइने छ ।
(ख) फसल र पशुबीमाको व्यवस्था गरिने छ ।
(ग) रियायती मूल्यमा रासायनिक मल र उन्नत बीज समयमा नै उपलव्ध गराइनेछ ।
(घ) स्थानीय मल उत्पादनमा जोर दिइने छ ।
(ङ) रियायती मूल्यमा बिजुली उपलव्ध गराइने छ एवं ग्रामीण विद्युतीकरणलाई प्राथमिकता दिएर पूर्ण गरिने छ ।
(च) कृषि उत्पादनलाई बजार व्यवस्थासंग जोडनको निमित्त कृषि यातायात सुविधा बलियो गरेर गोदाम तथा शीत भण्डारण निर्माण गरिने छ ।
(छ) प्रत्येक गा.वि.स. मा कृषि सेवा केन्द्र स्थापित गरने छ ।
(ज) कृषिमा आधारित साना र मझौला उद्योगहरुको स्थापना गरिने छ ।
(झ) ग्रामीण बैंङ्को संख्यामा विस्तार गरिने छ ।
(ञ) कृषि क्षेत्रमा उत्पादित बस्तुको लाभप्रद मूल्य निर्धारण गरिने छ ।
(ट) कृषि कार्य हेतु लिइएको ऋणको मूलधन भन्दा बढी ब्याज लिनमा प्रतिबन्ध लगाउने छ एवं प्रचलित ब्याजदरमा कटौती गरेर न्यूनतम ब्याजदरमा ऋण उपलव्ध गराइने छ ।

- कृषि एवं पशु विश्व-विद्यालय मधेशमा स्थापना गरिने छ ।
- प्रत्येक निर्वाचन क्षेत्रमा एकीकृत विकास केन्द्रको स्थापना गरिने छ ।
- सहकारिता आन्दोलनलाई प्रभावकारी बनाइने छ ।
- विविध प्रकारका उन्नत किस्मको बीज उत्पादनको निमित्त बीज प्रशोधन केन्द्र खोलिने छ ।

३. उद्योग एवं बाणिज्य :

- औद्योगिक नीतिको व्यावहारिकता एवं प्रभावकारिताको मूल्याकंन गरेर समय सापेक्ष परिमार्जन गरिने छ।
- कपडा, खाद्यान्न प्रशोधन, आवाज एवं अन्य कृषि एवं बनजन्य बस्तुहरुमा आधारित उद्योगहरुको स्थापना संयुक्त लगानी क्षेत्र अन्तर्गत गरिने छ।
- स्वदेशी कच्चा पदार्थ साधन र शिप (शिल्प) मा आधारित रोजगार मूलक कुटीर एवं घरेलु उद्योगहरुको स्थापनामा जोर दिइने छ।
- प्राकृतिक सम्पदा, साास्कृतिक धरोहर, प्रसिद्ध तीर्थ स्थल, धार्मिक केन्द्र पुरातात्विक क्षेत्रलाई पर्यटकीय उद्योगको रुपमा परिवर्तन गर्नको निमित्त गुरुतर योजना बनाएर प्रचार प्रसार एवं भौतिक सुविधा युक्त बनाइने छ।
- राष्ट्रिय उत्पादन बढाउने निमित्त कानूनी, प्रशासनिक एवं व्यावहारिक जटिलताहरुलाई हटाइने छ।
- वर्तमान कर प्रणालीलाइ सरल र न्यायोचित बनाइने छ।

४. यातायात :

- पूर्व पश्चिम हुलाकी राजमार्ग निर्माणको निमित्त ने.स.पा. कटिवद्ध छ।
- कृषि विकासको निमित्त प्रत्येक गाउामा पक्की सडक निर्माणलाई ने.स.पा. अपरिहार्य मान्दछ।
- प्रत्येक नगर र शहरमा पक्का सडकको व्यवस्था गरिने छ।
- सडकको दुवै तर्फ वृक्षरोपण गरिने छ। सडक संरक्षणको निमित्त प्रत्येक सम्बन्धित गा.वि.स. मा संरक्षण समिति बनाइने छ।
- पूर्व पश्चिम हुलाकी मार्गको समकक्ष समानान्तर रेल्वे योजना कार्यान्वित गरिने छ।
- अवरुद्ध हवाई यातायात र जुन नगरमा हवाई उडान अहिले सम्म प्रारम्भ हुन सकेको छैन यस्ता आन्तरिक हवाई यातायातलाई व्यवस्थित गरेर आवश्यकतानुसार केन्द्र र राजधानी संग जोडिने छन्।
- मधेशमा पनि अन्तर्राष्ट्रिय विमानस्थल बनाइने छन्।

५. जलस्रोत

- जलस्रोत संसाधन विकास राष्ट्रको सर्वङ्गिण विकासको निमित्त अत्यावश्यक हो। साथै जलस्रोतको विकास राष्ट्रको आर्थिक विकासको मेरुदण्ड पनि हो। अतः यस क्षेत्रको विकासको निमित्त ने.स.पा. कटिवद्ध छ।
- जलस्रोत विकसित गर्नको निमित्त मित्रराष्ट्रहरुको सहभागितामा अल्पकालिक तथा दीर्घकालिक सिंचाई एवं विद्युत योजनाहरुको अविलम्ब कार्यान्वयन गरिने छ। यस अन्तर्गत खुरकोट-सुनकोशी-कमला सिंचाई आयोनजा, चतरा हाइडेम्प निर्माण योजना एवं यस्तै अन्य आयोजनाहरुलाई प्राथमिकता दिइने छ।
- जलस्रोतको लघु योजनाहरुको निजी एवं सहकारी क्षेत्रमा सञ्चालनलाई प्रोत्साहित गरिने छ। साथै प्राविधिक तथा आर्थिक सहयोगको पनि व्यवस्था गरिने छ।
- गाउा गाउामा बिजुलीको विस्तार शीघ्रताको साथ गरिने छ। पिछडीएका, दलित, उपेक्षित, गरीबहरुलाई बिजुलीको सुविधाहरु गा.वि.स.को माध्यमद्धारा उपलव्ध गराइने छ।
- सबै जग्गामा पानीलाई अभियान अन्तर्गत सञ्चालन गरेर दीर्घकालिक अल्पकालिक एवं लघु सिंचाई योनजा सञ्चालित गरिने छ।

६. संचार :

- हुलाक व्यवस्थाको आधुनिकीकरण गरेर प्रत्येक गाउामा हुलाक सहायक र केन्द्रको व्यवस्था गरिने छ।
- प्रत्येक संसदीय क्षेत्रमा ग्रामीण दूर संचार योजना लागू गरेर त्यस अन्तर्गत प्रत्येक गाउामा सार्वजनिक टेलिफोनको व्यवस्था गरिने छ।
- राष्ट्रिय समाचार समितिको अधीनस्थ प्रादेशिक समाचार समिति बनाइने छ र प्रत्येक संसदीय क्षेत्रमा समितिका प्रतिनिधि राखिने छ।
- प्रादेशिक केन्द्रमा आकाशवाणी एवं दूरदर्शनका केन्द्र स्थापित गरिने छ।
- मधेशको परिवेश, समाज, सास्कृति, पुरातत्व, प्रसिद्धस्थल, पर्यटन क्षेत्र एवं मधेशीको प्रतिभा, विशिष्ट उत्पादन आदीलाई संचारको विषय बनाइने छ।
- मधेशबाट प्रकाशित हुने एवं मधेशी एवं जनजातिको भाषामा प्रकाशित हुने पत्र प्रतिकालाई विशेष सुविधा दिइने छ।

७. मंहगाई :

निरन्तर बढदै गएको कमर भााच्ने महंगाइले विशेषत ग्रामीण जनजीवन कष्टमय हादै गएको छ । मंहगाई लाई नियन्त्रित गर्न मुद्रास्फीर्तिलाई कम नगरीकन तथा अर्थव्यवस्थाको पुर्नरचना एवं राजनीतिक संकल्पको अभावमा भन बढछ । कृत्रिम मंहगाई आवश्यक प्रशासनिक कठोरताको अभावमा भन वढछ । ने.स.पा. यस समस्या सित कठोरता र संकल्पको साथ भिडन दृढ छ ।

८. ग्रामीण विकास नीति :

ग्रामीण एवं शहरी जीवनस्तरको बीच वढ्दो खाई पुर्न गाउालाई विकासको प्राथकि एकाई रुपमा स्वीकार गर्दै निम्नलिखित कार्यक्रम सञ्चालन हेतु ने.स.पा. प्रतिवद्ध छ ।

- स्वच्छ खाने पानी
- सदर मुकामबाट गाउा सम्म संयोजक सम्पर्क सडक यातायातको निर्माण ।
- द्रुत ग्रामीण विद्युतीकरण ।
- ग्रामीण बजार व्यवस्थाको स्थापना ।
- ग्रामीण विद्यालयको विकास र विस्तार ।
- ग्रामीण सार्वजनिक सुलभ शौचालयको व्यापक स्तरमा निर्माण एवं विस्तार गरिने छ ।

९. शहरी विकास :

शहर जनजीवनलाई स्वच्छतायुक्त एवं प्रदुषणमुक्त बनाउनको निमित्त बहुद्देशीय शहर विकास परियोजना प्रभावकारी रुपमा कार्यान्वयन तथा अनियन्त्रित शहरीकरणलाई नियन्त्रित तथा व्यवस्थित पार्न, गाउाबाट शहर तिर अरु पनि प्रवास प्रक्रियालाई निरुत्साहित गर्न योजनावद्ध कार्यक्रमको आवश्यकता छ ।

नगर विकासको नाममा बलपूर्वक तथा भेदभाव पूर्ण ढङ्गले भूमि अधिग्रहण गर्ने सरकारी प्रवृतिको विपरीत जनताको इच्छा एवं सहमति लिएर नै भूमि अधिग्रहण हुनु पर्छ । शहरको विकास गर्दा पर्यावरण सन्तुलन एवं वातावरणीय सन्तुलन बनाई राख्ने तथा नदी प्रदुषणलाई विशेष रुपले नियन्त्रण गर्नुमा बल लगाइने छ ।

## सामाजिक नीति

१. एक व्यक्ति एक गणना :

- मधेशी विरोधी ध्येय साधनको निमित्त पक्षपाती शासकहरुले जनगणना प्रक्रियालाइ अव्यर्थ असत बनाए । यौटै व्यक्ति माथी र तल दुइ ठाउामा गनियो । कैयौं त तीन पनि गनिए । वास्तविक जनसंख्याको तथ्याकं आज सम्म जन समक्ष आएन ।
- यस तथ्याकंलाई बस्तुनिष्ठ एवं तथ्य बनाउन देशका सबै समुदाय, जनजाति एवं क्षेत्रका प्रतिनिधि सम्मिलित भएको एक निष्पक्ष जनसंख्या आयोग द्धारा यथार्थ जनगणना गराएर वास्तविक तथ्याकं प्रकाशित गरेर त्यसै तथ्याकंका आधारमा देशको शासन र प्रशासनमा सवैलाई समुचित एवं न्यायपूर्ण साभ्फेदारी दिलाउन ने.स.पा. कटिवद्ध छ ।
- जीवनसतरको गुणात्मक अभिवृद्धिको निमित्त बहुपक्षीय जनसंख्या कार्यक्रम बनाएर मधेश एवं पहाडका जनजातिको निमित्त समुचित अवसरको व्यवस्था हेतु ने.स.पा. क्रियाशील छ ।
- नागरिक, जन्म तथा मृत्यु दर्ता प्रणालीलाई सरल एवं सुलभ रुपमा उपलव्ध गराउने छ ।

२. भूमिहीनहरुको समस्या र पर्यावरणिय असन्तुलन :

- तराईका अमूल्य जङ्गलहरुको व्यापक विनाश गरेर निश्चित समुदाय विशेषका व्यक्तिहरुलाई सुकुम्बासीको नाउामा षड्यन्त्रपूर्वक बसाइयो । किन्तु मधेशको भूमि मधेशी भुमिहिनले पाएनन र लाखौंको संख्यामा भूमिहीन मधेशीहरु दुइ वित्ता जग्गाको निमित्त भटकदैं छन ।
- ने.स.पा. यस्तो तीव्र आप्रवासनमा नियन्त्रणको निमित्त कटिबद्ध छ ।
- ने.स.पा. राष्ट्रको सुकुम्बासी समस्या समाधान आयोगमा मधेशीहरुको प्रतिनिधित्व गराउने छ ।

- ने.स.पा. मधेश एवं पहाडका जनजाति, जुन भूमिहीन तथा सकुम्बासी छन, उनीहरुको तथ्याकं तैयार पारेर समुचित वसोवास तथा जीविकाको पाइलो चाल्ने छ ।
- पर्यावरण असन्तुलित हुनाले मधेशको उत्पादन क्षेत्र र उत्पादकत्वमा ह्रास आएको छ । मधेशको वननीति जुन मधेश हितको विपरीत छ यसलाई ने.स.पा. पुनर्योजन गर्ने छ निजी वन विस्तारको निमित्त सुविधा प्राप्त गराउने छ ।
- सामुदायिक वनविकास कार्यक्रमलाई प्राथमिकता साथ मधेशमा लागू गरिने छ ।

३. शिक्षा :

- प्रत्येक गाउामा प्राथमिक शिक्षा मातृभाषाको माध्यमबाट उपलब्ध गराउनको निमित्त ने.स.पा. प्रतिवद्ध छ ।
- महिलाहरु र आर्थिक दृष्टिले पिछडिएका-हरिजन, खङ्ग बाातर, डोम, रैकार, झागर, संथाल, पासवान, मुसहर, चमार, तत्मा, दमाई, कामी, सार्की, राउटे, वादी, हलखोर आदि दलित पीडित जातिलाई निःशुल्क प्राथमिक, माध्यमिक एवं उच्च शिक्षा दिालउन ने.स.पा. कटिवद्ध छ ।
- दलित पीडितका प्रौढ एवं स्त्री शिक्षाको निमित्त ने.स.पा. विशेष व्यवस्था गर्ने छ ।
- मदरसाहरुलाई पनि अरु विद्यालय सरह राजकीय सहायता उपलब्ध गराउने छ ।
- ने.स.पा. पाठ्यक्रम पाठ्य, पुस्तकहरुमा प्रजातान्त्रिक सुधार ल्याएर सबै समुदाय र जनजातिको परम्परा, सास्कृतिलाई समाविष्ट गर्ने छ ।
- शिक्षकहरुको जीवन स्तरमा सुधारको निमित्त ने.स.पा. प्रभावकारी कार्यक्रम ल्याउने छ ।
- शिक्षण संस्थाहरुको असन्तुलित एवं असमान वितरणले उत्पन्न समस्या समाधान हेतु जनकपुरमा राजर्षि एवं महात्मा बुद्धको नामले पश्चिम मधेशमा विश्वविद्यालयको स्थापना गराउने छ ।
- मधेशको कला, सास्कृतिको संरक्षण एवं प्रवर्द्धनको निम्ति मिथिला साास्कृतिक केन्द्रको स्थापना गरिने छ ।

४. शाहीसेना :

- ने.स.पा. सेनामा मधेशीहरुको न्यायपूर्ण एवं समुचित समूहगत प्रवेश दिलाउने छ ।

५. स्वास्थ्य :

- ने.स.पा. प्रत्येक गा.वि.स. मा स्वास्थ्य केन्द्र एवं प्रत्येक गाउामा स्वास्थ्य उपकेन्द्र तथा प्रत्येक संसदीय क्षेत्रमा अस्पलात बनाउने छ ।
- प्रत्येक संसदीय निर्वाचन क्षेत्रमा एमबुलेन्स सेवा उपलब्ध गराउनको निमित्त ने.स.पा. तत्पर छ ।
- प्रत्येक जिल्ला अस्पताल सुविधा सम्पन्न बनाइने छ ।
- प्रत्येक गाउामा खानेपानीको समुचित व्यवस्था गरिने छ । विशेष गरेर जनजाति र उपेक्षित समुदायमा न्युनतम दुई परिवारमा एक ह्याण्ड पाइप खानेपानी उपलब्ध गराउन ने.स.पा. कटिबद्ध छ ।

६. युवाशक्ति :

युवा पिढीलाई देशको कर्णधार मानिन्छ । वेरोजगारी र सामाजिक आर्थिक अवसरहरुको अभावमा युवा वर्गलाई निराशा, दिग्भ्रम, एवं अन्य विविध विकृतिहरुको शिकार हुन बाट जोगाउनु राष्ट्रको उज्ज्वल भविष्यको निमित्त आवश्यक छ । मुख्य युवा वर्गलाई लाभकर रोजगार (जीविका) मूलक योजनाहरुको निर्माण तथा शिक्षा सास्कृति, खेलकूद तथा राष्ट्रिय सेवा आदि विशेष कार्यक्रमहरु लागू गरिने छन् । समर्पित युवाशक्ति निर्माणको निमित्त युवा वर्गको नैतिक एवं शारीरिक शिक्षामा पार्टी विशेष जोड दिन्छ ।

७. महिलाहरुको समानता :

- समाजका अति पिछडिएका अङ्ग एवं उत्पीडनका शिकार महिलाहरुलाई सम्मानित स्वतन्त्र एवं जीवन प्रदान गर्न ने.स.पा. कटिवद्ध छ । महिलाहरुको समानताको आधिकारको साथै महिला शिक्षामा अत्याधिक बलप्रदान गर्दै शासन-प्रशासनको सहभागितामा न्यायपूर्ण वृद्धि एवं ग्रामीण महिलाहरुको श्रम शोषणलाई अन्त गर्नको निमित्त विशेष नीति एवं कार्यक्रम निर्मित गरिने छ ।

- देशका वढ्दै गएको बलात्कार वढन सम्म वढेको छ अवोधवालिका पनि त्यसबाट बच्न सकेका छैनन् । बालिका एवं महिलाहरुको अवैधरुपले अमानवतापूण क्रयविक्रय (खरिद विक्री) समाज र देशको निमित्त कलङ्क हो र नेपाल सदभावना पार्टी यी विकृति तथा कलकंलाई मिटाउन ठोस पाइला चाल्ने छ ।
- महिला विकास कार्यक्रमलाई प्रभावकारीरुपमा सम्पन्न गर्नको निमित्त ग्रामीण क्षेत्रमा उन्नत (विकसित) चूल्हो कार्यक्रम एवं सार्वजनिक सुलभ शौचालयको व्यव्सथा होस, त्यस निमित्त तथा दाइजो विरोधी, महिला उत्पीडन विरोधी कडा कानून बनाएर त्यसलाई लागू गरिने छ ।

८. सामाजिक सुरक्षा :

वृद्ध, अपाङ्ग एवं शैक्षिक वेरोजगार (जीविका हीन) लाई समाजिक सुरक्षा प्रदान गरेर सम्मानित जीवनको निमित्त प्रभावकारी भत्ता योजना लागू गरिने छ । वृद्ध भत्ताको निमित्त वर्तमान हद (सीमा) ७५ वर्षलाई परिवर्तन गरेर ६५ वर्ष एवं विधवाको भत्ता प्राप्तिको निमित्त उमेरको हद (अवस्थाको सीमाकंन) हटाइने छ ।

९. बालविकास र बालश्रम निरोध :

- शिशु मृत्यु दर न्यून गर्नको निमित्त एकीकृत मातृशिशु विकास योजना सञ्चालन, बालश्रम निरोधका कानूनको कठोरता पूर्वक कार्यान्वयन, महिला, बालबलात्कार एवं हत्या जस्ता अपराध निर्मूल गर्न प्रभावकारी कानून बनाएर कठोरतापूर्वक त्यसको पालन तथा बालक एवं बालिकाको शिक्षालय प्रवेश (स्कूल दाखिला) को अन्तर (फासला) लाई न्यून गर्नको निमित्त उपयुक्त प्रोत्साहन दिइने छ ।
- बालश्रम र बालशोषणको अन्त गर्नको निमित्त प्रतिशोधात्मक एवं सृजनात्मक उपायहरुको अवलमबन एवं शिक्षाबाट बञ्चित बालकबालिकाहरुलाई सार्थक शिक्षा उपलब्ध गराउने व्यवस्था सदभावना पार्टी गर्नेछ ।

१०. मजदूर (श्रमिक) :

मजदूर (श्रमिक) को नाममा हाुदै गएको तथा कथित मजदूर (श्रमिक) हरुको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिनिधित्वलाई दुरुत्साहित गरेर वास्तविक श्रमिक (मजदूर) लाई अग्रसर ल्याउन प्रयत्न गरिने छ ।

- जिल्ला जिल्लामा श्रम कार्यालय र श्रमिक आपूर्ति केन्द्र खोलिने छ ।
- असंघटित कृषक श्रमिकको पक्षमा विधेयक ल्याएर उनीहरुको पारिश्रमिक (मजदूरी) एवं अन्य सुविधाहरुको प्रत्याभूति ( ग्यारेण्टी) दिईने छ ।
- खेतीहरु (कृषक) निर्माण, बढई, ठेलगाडा, रिक्सा गाडा श्रमिकहरु र अरुपनि यस्ता असङ्गठित (असंगठित) श्रमिक ( मजदूर) हरुलाई सङ्गठित गरेर अगि वढाउन उत्प्रेरक कार्यक्रम चलाइने छ ।
- लगानीकर्ता (धन लगाउने) तथा श्रमिक द्विपक्षीय हित सम्बन्धी नीति निर्माण गरेर लागू गरिने छ ।
- बाधुवा श्रमिक (मजदूर) तथा कमैया प्रथामा तत्काल नियन्त्रण गरेर पूर्ण समाप्तिको निमित्त योजनाबद्ध कार्यक्रम चलाइने छ ।

११. ऋणको माफी :

भूकम्प पीडितहरुको पचास हजारसम्मको भूकम्प पीडित पुनः स्थापन ऋण माफ गरिने छ । प्राकृतिक प्रकोपको अवस्थामा निश्चित सीमाको किसानहरुको ऋण माफी गरिने छ ।

१२. साास्कृतिक संरक्षण :

- राष्ट्रिय भाषा, प्रादेशिक भाषा, सम्पर्क भाषा, एवं स्थानीय भाषालाई सूचीकृत गरिने छ ।
- मधेशी एवं जनजातिको भाषाको संरक्षण गरेर निरन्तर प्रवर्द्धनको निमित्त राष्ट्रिय भाषा प्रवर्द्धन परिषद बनाएर बृहत कार्यक्रम सञ्चालन गरिने छ ।
- मधेशी एवं जनजातिको वेश भूषा (पोशाक) लाई सम्मानित स्थान (दर्जा) दिलाईने छ ।
- मधेशी एवं जनजातिको संस्कृति, परम्परा, प्रथा, पर्व त्योहार, साहित्य गीत सङ्गीत, वाद्यवादन एवं पौराणिक शिल्प ( शिप) एवं व्यवसायको संरक्षण एवं प्रवर्द्धनको निमित्त “राष्ट्रिय संस्कृति परिषद” हरु स्थापित गरिने छन ।

- मधेश एवं जनजातिका ऐतिहासिक, धार्मिक स्थल, पीठ, देबी देवता, मन्दिर, गढ, गढी, मठ, थान गुम्बा, विहार, मस्जिद, मशान, कब्रिस्ता आदिको सम्भार संरक्षण एवं पुन निर्माण गर्नको निमित्त र प्रसिद्ध स्थलको प्रचार प्रसारको निमित्त बृहत कार्यक्रमहरु सञ्चालित गरिनेछ ।
- समाजमा व्याप्त विकृति, कुरीति, छुवाछुत तथा भेदभावको समाप्तिको घोषणा गरिने छ ।
- मधेशका जीतिया, छठ, चौथी चान, ईद, बकरीद, सोबेरात आदि एवं जनजातिका विभिन्न पर्व त्योहारलाई सार्वजनिक अवकाशको रुपमा घोषित गरेर सम्मान गरिने छ ।
- मधेश एवं जनजातिको भाषा साहित्य, कला, गीत, सङ्गीत आदि क्षेत्रका विभूतिहरु सम्मानित गरिने छन । उनीहरुको स्मारक बनाइने छन । यस क्षेत्रका विद्वान एवं प्रतिभावान व्यक्तिलाई वार्षिक पुरस्कारको प्रबन्ध गरिने छ ।

१३. आन्तरिक प्रशासन :

- अप्रत्याशित रुपले वढदै गएको सबै प्रकारको राजनीतिक भ्रष्टाचार तथा कमिशन खोरी जस्ता विकृतिहरुको समाप्तिको निमित्त नेपाल सद्भावना पार्टी हढ सङ्कल्पित रहने छ ।
- राजनीतिमा सुरा सुन्दरीको प्रवेश एवं पजेरो एवं प्राडो संस्कृति, रातो पासपोर्ट, सांसद क्रय विक्रय एवं अपहरण तथा नक्कली बिल भाउचरको प्रयोग जस्ता घृणित विविध पक्ष तथा क्रियाकलापको नियन्त्रणको निमित्त ने.स.पा. जोरदार पाइलो चाल्ने छ ।
- सरकारी तलब (मासिक वेतन) न्यून हुनाले कर्मचारी समुदायको भरण पोषणमा कठिनाईको सामना गर्न परी राखेको छ । यसैकारण कर्मचारीहरुमा भ्रष्टाचार अनियमितताको बाध्यता देखिएको छ । यी सबैको नियन्त्रणको निमित्त सरकारी कर्मचारीहरुको उचित वेतंन (पारिश्रमिक) तथा अन्य सुविधा प्राप्त गराउन ने.स.पा. ठोस पाइला चाल्ने छ ।

१४. विदेशी नीति :

- समानता, परम्परामा सम्मान, आन्तरिक विषयमा अहस्तक्षेपका सिद्धान्तमा आधारित विश्वका सम्पूर्ण देशहरु सित मैत्री पूर्ण सम्बन्ध एवं छिमेकी राष्ट्रहरुको नेपालको विकासमा योगदानको महत्ता ने.स.पा. स्वीकार गर्दछ । भारत र चीन विरोधको आधारमा निर्मित तथा कथित राष्ट्रबादलाई ने.स.पा. अस्वीकार गर्दछ ।
- साथै छिमेकी प्रजातान्त्रिक देश भारतको साथ हाम्रो बहू आयामिक परम्परागत विशिष्ट सामाजिक, साास्कृतिक, धार्मिक, प्राकृतिक एवं आर्थिक सम्बन्ध एवं खुल्ला सीमानाको वास्तविकतालाई स्वीकार गर्दै भारतसंग विशेष सम्बन्ध अरुपनि अधिक विकसित गर्नमा पार्टी विश्वास गर्दछ ।
- दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सार्थक प्रयोग एवं विकासमा ने.स.पा. बल दिन्छ ।
- असंलग्न आन्दोलनमा समय सापेक्ष परिवर्तन गरेर विकासशील देशहरुको आर्थिक राजनीतिक आत्मनिर्भरता स्थापित राख्ने प्रयासलाई सार्थकता प्रदान गर्नमा ने.स.पा. जोर दिन्छ ।
- विश्वका कुनै भूभागमा हुने जातीय एवं रंगभेदलाई समाप्त गर्ने आन्दोलनलाई ने.स.पा. नैतिक समर्थन दिंदै रहने छ ।
- विश्व रङ्गमञ्चमा नेपालको भूमिका व्यक्तित्व एवं सम्मानता वृद्धिको निमित्त प्रभावकारी विदेशनीति ने.स.पा. को विदेश नीति हो ।

## लापता राजवन्दीहरुको खोज तथा रिहाई :

प्रजातन्त्र पुनः स्थापनाको आन्दोलनमा कतिपय होनहार देशभत्त क्रान्तिकारीहरु गिर□तार गरियो, कीन्तु आज सम्म उनीहरु लापता नै छन केही सूचना जन समक्ष प्राप्त छैन । डा. लक्ष्मी नारायण्न झा, साकेत चन्द्र मिश्र, दिलीप चौधरी, ईश्वरलामा, सूर्यनाथ यादव, महेश चौलागाई, पदम लामा जस्ताको केही अत्तोपत्तो छैन । प्रजातन्त्रका यी सेना नायकहरुको विषयमा सत्य पत्ता लगाउनको निमित्त एउटा शक्तिशाली आयोगको स्थापना गरेर तथ्य जनसमक्ष राख्न ने.स.पा. जोड–जोड संग माग गर्छ । अन्य प्रजातन्त्रका योद्धाहरुका सम्झनामा सम्बन्धित क्षेत्रमा उनीहरुको स्मारक निर्माण गरेर उनीहरुका परिवारलाई राजकीय सम्मान दिनाले भावी पीढिलाई देशमाथी बलिदान हुने प्रेरणा मिल्ने छ ।

मानव सभ्यताको विकासको यस आधुनिक चरणमा विद्यमान समुदायिक एवं जनजातीय भेदभाव, शोषण हाम्रो मातृभूमिको मस्तकमा कलङ्क हो । यसले देश कमजोर भएको छ । यो कलङ्क मेटन ने.स.पा. कार्यकर्ता हरेक प्रकारको दुःख एवं पीडा सहन तत्पर छ । हाम्रो उद्देश्य स्पष्ट छ, सत्य हाम्रो पक्षमा छ । विवेक र साहसको युद्ध सत्यलाई विजयी बनाउने छ । पार्टी र जनता एकाकार भएर यसको उत्तरदायित्व पूर्ण गर्न सक्ने छन् ।

हरेक क्षेत्रमा समानताको अधिकार एवं सम्मान पूर्ण जीवन यापनको हक यथार्थमा यस लडाईको मुख्य लक्ष्य हो । यो अहिंसक किन्तु अटुट सङ्घर्षले नै प्राप्त हुने छ ।

जय मातृभूमि □